जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २९१ पृष्ठः ४ | २०८२ चैत्र ०१ आइतबार (Sunday 15 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## ग्यासको अभाव झेल्दै सहर, मधेशका गाउँमा गोइँठाकै भर

### तराई–मधेशका गाउँवासीलाई भने त्यो समस्याले कहीँ कतै पनि छोएको छैन। किनभने यहाँका गाउँवासीलाई खाना पकाउन ग्यासको जरुरत नै छैन।



**सुरेश राय**

सिरहा, ३० फाल्गुन। मध्यपूर्वमा इजरायल–अमेरिका र इरानबिच युद्ध चलिरहँदा विश्वभर पेट्रोलियम पदार्थको संकट चुलिएको छ। जसको प्रभावबाट नेपाल पनि अछुतो छैन। बजारमा खाना पकाउने एलपी ग्यासको चरम अभाव सुरु भइसकेको छ। सरकारले अभाव व्यवस्थापन गर्न आधा सिलिन्डर ग्यासको अवधारणा अभ्यासमा ल्याएको छ। तैपनि उपभोक्ताले सहज ग्यास पाउन सकेका छैनन्। यो संकट लम्बिँदै जाँदा सहरवासी कसरी खाना पकाउने भन्ने चिन्तामा छन्।

तर, तराई–मधेशका गाउँवासीलाई भने त्यो समस्याले कहीँ कतै पनि छोएको छैन। किनभने यहाँका गाउँवासीलाई खाना पकाउन ग्यासको जरुरत नै छैन। मधेशका गाउँमा परम्परागत रूपमा नै गोइँठा–गोबर खाना पकाउने ऊर्जाको मुख्य स्रोतका रूपमा प्रयोग हुँदै आएको छ। मधेशका गाउँ–टोलमा अहिले घरको आँगन, छाना, भित्तो तथा खेत–चौरमा सुकाउन राखेका गोइँठाको चाङ देखिन्छ। तिनै गोइँठा यहाँको खाना पकाउने ऊर्जाका मुख्य स्रोत हुन्।

पशुपालनसँग जोडिएको ग्रामीण जीवनशैलीका कारण गोबर सजिलै उपलब्ध हुन्छ। त्यही गोबरको प्रयोगबाट स्थानीयले गोइँठा बनाउँदै आएका छन्। यही कारण सहरमा ऊर्जा संकट त्रास फैलिरहेका बेला मधेशका गाउँवासी भने निर्धक्क छन्। उनीहरूको चुल्हो कम्तीमा ऊर्जा अभावकै कारण निभ्ने अवस्था छैन। गोलबजार नगरपालिका–८ की ईन्द्रासैन महरा आफूलाई कम्तीमा चुल्होमा आगो बाल्न कहिल्यै समस्या नहुने बताउँछिन्। 'हामी गाउँघरमा पहिलेदेखि नै गोबरबाट बनाएको गोइँठा प्रयोग गरेर खाना पकाउँदै आएका छौँ,' उनी भन्छिन्, 'हामीलाई धेरै समस्या हुँदैन। आफ्नै घरमा भएका पशुबाट गोबर पाइन्छ, त्यसैले गोइँठा बनाएर वर्षैभरि प्रयोग गर्न सकिन्छ।'

सोही ठाउँकी आगैरदेवी उराउ

**–बाँकी दुई पेजमा**

## ग्यास भण्डारण गरी जोखिम नबढाउन आग्रह



**मणिलाल विश्वकर्मा**

लहान, ३० फाल्गुन। जिल्ला प्रशासन कार्यालय सिराहाले खाना पकाउने ग्यासको अतिरिक्त भण्डारण गरी जोखिम नबढाउन आग्रह गरेको छ। सिराहाका प्रमुख जिल्ला अधिकारी चेतराज बरालले सार्वजनिक सूचना जारी गर्दै पछिल्लो केही दिनयता खाना पकाउने ग्यासको अतिरिक्त मूल्य लिई बिक्री–वितरण र अस्वाभाविक ढंगले भण्डार गर्नेजस्ता गुनासोको आधारमा त्यस्ता गतिविधि नगर्न आग्रह गरेका छन्।

ग्यासको अभाव हुन सक्ने हल्लाले सर्वसाधारणहरू स्थानीय

**–बाँकी अन्तिम पेजमा**

## "निर्वाचित सांसदलाई निरन्तर खवरदारी"

**जीवछ यादव**

लहान, ३० फाल्गुन। फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको मत परिणाम सार्वजनिक भएपछि लहानका सचेत नागरिक अगुवाहरूले आफ्ना क्षेत्रबाट निर्वाचित सांसदलाई आफ्नो प्रतिवद्धता पूरा गराउन निरन्तर खवरदारी गर्दै जाने बताउनुभएको छ। फागुन २१ गते सम्पन्न भएको निर्वाचनको मतपरिणाम सार्वजनिक भएपछि सचेत मतदाताहरूले




सिरहा–१ मा विकास र निकासका काम पूरा गराउन निरन्तर खवरदारी गर्नुपर्ने निष्कर्ष निकालेका छन्। स्थानीय पत्रकार विजय यादवले भन्नुभयो, "पहिला निर्वाचित सांसदहरूले किन जनभावना अनुसार काम गर्न सकेनन्? जनतासँग सुमधुर सम्बन्ध राख्न

**–बाँकी अन्तिम पेजमा**





**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812



## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।

**विविधतामा एकता, सद्भाव र सहिष्णुता।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# सधैँ ठगिनु : नेपालीको नियति कि प्रवृत्ति ?

नागरिकका रूपमा सबैभन्दा कम प्राथमिकतामा पर्ने नेपाली जनता वास्तवमा पाइलैपिच्छे ठगीमा पर्ने गरेका छन्। 'लु लडाएर भिल्ली भार्न' जान्नेहरू नै शासन सत्ताको वरपर रहुन्जेल सायद ठगिनु नेपालीको नियति बनिरहनेछ। क्रान्ति र परिवर्तनका नाममा धेरैपटक ठगिएका नेपाली जनताले धन्न आशै भने मारेका छैनन्। यसपटक उनीहरूले नठगिने आशामा नयाँ पार्टी र युवा नेतृत्वलाई शासनको जिम्मा सुम्पेका छन्। तर, अब त ठगिनु पर्नेछैन भन्ने आशा गर्न सकिने अवस्था भने अझै बनेन।

तत्कालीन शासकहरूकै संरक्षणमा देशमा भ्रष्टाचार व्याप्त भयो र जनता आधारभूत सेवाबाट समेत वञ्चित भए भन्ने ठानेर कलिला युवाले विद्रोह गरे। उनीहरूमाथि ठूलो दमन भयो। दमन त भयो भयो जेन–जी युवाले नै भने – हाम्रो आन्दोलनमा घुसपैठ गरेर विध्वंसकारीले आन्दोलन 'हाइज्यक' गरे। आन्दोलनमा क्रूर दमन र कहालीलाग्दो विध्वंस भयो। सरकार अपदस्थ गरियो। जेन–जी युवाले 'डिस्कर्ड'मा मतदान गरेर छानेकै व्यक्तिको नेतृत्वमा सरकार गठन भयो। नयाँ सरकारले पाएको कार्यादेश थियो – प्रतिनिधि सभाको निर्वाचन र भदौ २३ र २४ का घटनाको छानबिन तथा कारबाही सिफारिस।

घोषित मितिमै प्रतिनिधि सभाको चुनाव भयो। चुनावमा नयाँ दल र नेताले प्रचण्ड बहुमत पाए। जनमत निर्माणमा नेपाली जनताले स्वतन्त्र विवेकको प्रयोग गर्न पाए वा उनीहरूलाई आधुनिक प्रविधि प्रयोग गरेर सम्मोहित गरियो भन्ने प्रश्नमा विवाद सुरु भएको छ। नेपालमा चुनावमा विभिन्न शैलीका धाँधली हुनेगरेका थिए। अहिले एल्गोरिदमको प्रयोगबाट ठगी त गरिएन ? भदौ २३ र २४ का घटनाको छानबिन गर्न पूर्वन्यायाधीशको अध्यक्षतमा न्यायिक जाँचबुझ आयोग बन्यो। अपेक्षा थियो चुनावअघि नै आयोगले प्रतिवेदन दिनेछ र दुवै दिनका दोषीहरूले कानुनबमोजिम सजाय पाउनेछन्। अनि राजनीतिका नाममा हुनेगरेको दण्डहीनताको अन्त्य हुनेछ। तर, चुनाव नसकी आयोगले प्रतिवेदन तयारै गरेन।

चुनावमा विशेषगरी भदौ २४ का थुप्रै हर्ताकर्ता सहभागी भए। त्यतिमात्र होइन प्रतिवेदनमा भदौ २४ का दोषीहरूसम्बन्धमा स्पष्ट नबोलिएको गाइँगुइँ सुनिएको छ। नेपाली जनतालाई न्यायिक आयोगले पनि ठग्यो त ? सुशासनको नारा निकै चर्को सुनिएको थियो भदौ २४ पछि। आन्दोलनबाट आएको सरकारले भ्रष्टाचार शून्यमै झार्ने विश्वास गरेका थिए नेपाली जनताले। सम्भवतः यही कारणले सरकारको संवैधानिक र नैतिक वैधतामा प्रश्न उठ्दा पनि जनसाधारणमात्र होइनन् सत्ताबाट बलपूर्वक हटाइएका राजनितिक दलका नेता कार्यकर्तासमेत सडकमा उत्रेनन्। तैपनि शासनको प्रवृत्तिमा भने सुधार भएनछ।

युरोप अमेरिका जाने प्रलोभनमा पारेर २०८२ साउन १ गतेदेखि फागुन ११ गतेसम्मका सात महिनामै नेपाली युवाको ३ अर्ब ९ करोड २ लाख ४१ हजार २६१ रुपैयाँ बराबर ठगी भएको उजुरी परेको छ। यो अवधिमध्ये साउन र भदौको सुरुका तीन साताबाहेकको अवधिमा अन्तरिम सरकारले शासन गरेको छ। वैदेशिक रोजगार विभागमा बेलैमा अनुसन्धान गरी दोषीलाई कारबाही गर्ने कानुन नियम त छ तर प्रवृत्ति छैन। पहिले यस्ता उजुरीमा कारबाही नहुनुमा राजनीतिक हस्तक्षेपलाई दोष दिने गरिन्थ्यो। अब यसरी नेपाली युवा ठगिन नरोकिनु र कारबाही नहुनुमा कस्लाई दोष दिने ?

यसो त ठगिनेहरूले पनि वैदेशिक रोजगारीका नाममा ठगी भइरहेको पक्कै थाहा पाएकै होलान्। यसरी ठगिने युवा एलगोरिदमबाट सञ्चालित पुस्ताकै धेरै हुनुपर्छ। ठगिने जोखिम भएको जान्दाजान्दै त्यही दुश्चक्रमा होमिनुलाई पाश्चात्य नाट्य शास्त्रमा नियति भनिन्छ। के ठगिनु नेपालीको नियति नै हो त ? वैदेशिक रोजगारीकै नाममा मात्र दिनको डेढ करोडजति ठगिने गरेको त उजुरी नै परेको छ। दैनिक जीविकोपार्जनका क्रममा नागरिकहरू पाइलापाइलामा ठगिँदा यस्तो रकम कति पुग्छ होला रु अनलाइन व्यापारदेखि खाद्य गुणस्तरसम्मका क्षेत्रमा दिनहुँ मूलतः नियमनको अभावले ठगिने नेपालीको सङ्ख्या बढ्दो छ।

सत्तामा पुराना राजनीतिक दलहरू नभए पनि ठगी र कुशासन निरन्तर रहनुले समस्या चुनावका लागि एलगोरिदममा सिर्जना गरिएको भाष्य भन्दा निकै चर्को देखिन्छ। ठगिनु नियति होइन नियमनको अभाव र दण्डहीनताको परिणाम हो। राज्यले चाहेको भए यो चक्र तोड्न सक्थ्यो। प्रश्न के हो भने राज्य साँच्चै चाहन्छ त ? यसैले ठगीको प्रवृत्ति अन्त्य गर्न आउँदो सरकारले प्राथमिकता देओस्।

# न्याय शब्दलाई न्याय गर्ने न्यायपालिका

**अभिषेक दंगाल**

न्याय कुनै पनि सभ्य समाजको आधारशिला र लोकतन्त्रको प्राणवायु हो। जब हामी 'न्याय' शब्दको उच्चारण गर्छौं, यसले केवल विवादको निरुपण मात्र नभई सामाजिक, आर्थिक र राजनीतिक सन्तुलनको समष्टिगत स्वरूपलाई बोध गराउँछ। तसर्थ, न्यायपालिका तब मात्र सार्थक हुन्छ, जब यसले आफ्नो निष्पक्षता, स्वतन्त्रता र निर्भीकताद्वारा 'न्याय' शब्दको गरिमालाई चरितार्थ गर्छ। 'न्याय' शब्दले आफ्नो गर्भमा सत्यता, निष्पक्षता र सामञ्जस्यताको बृहत् अर्थ बोकेको हुन्छ। विधिको शासनलाई अक्षुण्ण राख्दै नागरिकका नैसर्गिक अधिकारहरूको संरक्षण गर्नु न्यायपालिकाको परम धर्म हो, जब न्यायपालिकाले आफ्नो कार्यसम्पादनमा निर्भीकता र तटस्थता प्रदर्शन गर्छ, तब मात्र 'न्याय' शब्दको वास्तविक अन्तर्य चरितार्थ हुन्छ।

न्यायपालिका केवल इँटा र सिमेन्टले बनेको भौतिक संरचना मात्र होइन, यो त आमनागरिकको भरोसाको धरोहर हो। जब न्यायालयका फैसलाहरूले सत्यको उद्राटन गर्छन् र अन्यायमा परेकाहरूको आँसु पुछ्दछन्, तब मात्र 'न्याय' शब्दले आफ्नो पूर्णता प्राप्त गर्दछ। न्यायपालिकाले आफ्नो कार्यसम्पादनमा पारदर्शिता र जवाफदेहिता प्रदर्शन गर्दै विधिको शासनलाई अक्षुण्ण राख्न सकेमा मात्र न्यायको मर्म जीवित रहन्छ। न्यायपालिका कुनै निर्जीव प्रशासनिक निकाय होइन, यो त लोकतन्त्रको जीवन्त विवेक हो। भ्रष्टाचारको धमिरा, राजनीतिक हस्तक्षेपको दूषित छाया र ढिलासुस्तीको रोगबाट मुक्त रहँदै जब न्यायालयले सत्यको उद्राटन गर्छ, तब मात्र 'न्याय' शब्दको गरिमा उच्च रहन्छ।

न्यायाधीशको प्रज्ञा, निष्ठा र संवैधानिक निष्ठाले नै न्यायको मन्दिरलाई पवित्र बनाउँछ। जब नागरिकले अदालतको दैलो टेक्दा आफू सुरक्षित भएको महसुस गर्छन, तब मात्र न्यायपालिकाले न्याय शब्दमाथि वास्तविक न्याय गरेको मानिन्छ। न्यायपालिकाको मुख्य चुनौती भनेकै कार्यपालिका र व्यवस्थापिकाका स्वेच्छाचारी कदमहरूमाथि 'चेक एन्ड ब्यालेन्स' कायम राख्नु हो। 'न्याय ढिलो हुनु भनेको न्याय नदिनुसरह हो' भन्ने भनाइलाई आत्मसात् गर्दै न्याय निरुपणको प्रक्रियामा छिटो, छरितो र सुलभ न्याय प्रणालीको विकास गर्नु आजको अपरिहार्यता हो। संवैधानिक सर्वोच्चता कायम राख्न न्यायपालिकाले सदैव एक सजग प्रहरीको भूमिका निर्वाह गर्नुपर्छ। न्यायिक सक्रियता र न्यायिक संयमताबीचको सूक्ष्म रेखालाई ठम्याउँदै उत्पीडित र सीमान्तकृत वर्गको पहुँचमा न्याय पुऱ्याउनु नै वास्तविक रूपमा न्याय शब्दलाई न्याय गर्नु हो।

न्याय परिषद्मा पहिले न्यायाधीशहरूको बाहुल्य हुन्थ्यो, अहिले तीन जना त राजनीतिक व्यक्ति हुन्छन्। न्याय परिषद्लाई सबै प्रकारका राजनीतिक प्रभावबाट मुक्त बनाउनुपर्ने ठाउँमा राजनीतिक केन्द्र बनाइएको छ, त्यस कारण परिषद्को ढाँचासमेत पुनर्विचार गर्नुपर्ने अवस्था छ। पूर्वप्रधानन्यायाधीश मीनबहादुर रायमाझी आफ्नो अनुभवका आधारमा लेख्नुहुन्छ, 'न्यायपालिकाको काम कारबाही धमिल्याउने र अदालतप्रतिको जनविश्वासमा आँच आउने काममा ४० प्रतिशत जिम्मेवार न्यायाधीश आफैँ छन्। ३० प्रतिशत कानुन व्यवसायी, १० प्रतिशत कर्मचारी, अनि २० प्रतिशत बिचौलिया, फट्टा खेल्ने र अदालतको बदनाम गर्ने कार्यमा संलग्न पत्रपत्रिका पर्छन्।'

सर्वोच्च अदालतमा रहँदाका रोचक अनुभूतिहरू रायमाझीको आत्मकथामा समेटिएका छन्। त्यस कारण न्यायिक इकोसिस्टम ( वगमषअर्ष्बा भअयकथकतभ) भित्रका सबै संस्थाहरूको न्यायपूर्ण भूमिका अपरिहार्य रहन्छ। न्यायाधीश वा अदालतका कर्मचारीले भ्रष्टाचार गर्नुजति अन्यायपूर्ण अवस्था अरु हुनै सक्दैन। निर्माण व्यवसायी वा ठेकेदारले १ अर्ब भ्रष्टाचार गर्नुभन्दा न्यायाधीशले १ रुपैयाँ भ्रष्टाचार गर्नु बढी अन्यायपूर्ण हुन्छ।

**न्यायाधीश कस्तो हुनुपर्छ ?**

सबैको चासो रहन्छ– न्यायाधीश उच्च नैतिकता भएको आदर्शवान् हुन्छन् या आममान्छेजस्तै सामान्य हुन्छन् ? न्यायालयप्रति जनआस्था, विश्वास र गरिमा बढाउने फेस भ्यालु भनेकै न्यायाधीशहरू हुन्। न्यायाधीशको नाम लिँदा नै गौरव गर्ने अवस्था आयो भने मात्र अदालतप्रति जनतामा विश्वास र गरिमा बढ्छ र अदालतले गरिमायुक्त एवं गर्व गर्नलायक न्यायाधीशहरू जन्माउन सक्यो भने अदालतप्रतिको जनविश्वास स्वतः बढ्छ।

अदालत आफैँ गरिमायुक्त हुने होइन, न्यायाधीश र अदालतका कर्मचारीहरूको सदाचारयुक्त व्यवहारले संस्थाको गरिमा बढ्ने हो। आमबुझाइमा भन्नुपर्दा न्यायाधीश तटस्थ हुनुपर्छ। निष्पक्ष हुनुपर्छ। सदाचारी हुनुपर्छ। सादगी हुनुपर्छ। अध्ययनशील एवं विवेकी हुनुपर्छ। फैसलामा मात्र बोल्ने, नम्र एवं कुल हुनुपर्छ। न्याय गर्ने खालको हुनुपर्छ। पूर्वाग्रही हुनु हुँदैन। छुद्र एवं छुचो खालको हुनु हुँदैन। न्यायिक मन भएको हुनुपर्छ। मानवता भएको हुनुपर्छ। निन्दा, आलोचना, आक्रोश आदिबाट दुःखित हुने तथा बढाइँ, प्रशंसा, नम्रताबाट प्रभावित हुने मानवीय स्वभावको नकारात्मक असर न्याय सम्पादन कार्यमा नपरोस् भनी न्यायाधीश सधैँ सचेत रहनुपर्छ।

कुनै पनि प्रभाव, दबाब वा प्रलोभनबाट मुक्त रही अन्तरआत्माको आवाज र कानुनको अक्षरशः पालना गर्नु नै न्यायाधीशको धर्म हो र सो भएमा मात्र न्याय सम्पादन ठीक ढंगबाट हुन्छ। शिलापत्रबाट

# मध्यपूर्व युद्धको १५औँ दिन : आक्रमण झनै तीव्र, तेलको संकट बढ्दै

मध्यपूर्वमा चलिरहेको युद्ध १५औँ दिनमा झन् चर्किंदै गएको छ। इजरायल, इरान र क्षेत्रीय समूहबीच मिसाइल, ड्रोन र रकेट आक्रमण तीव्र हुँदा मानवीय तथा आर्थिक संकट गहिरिँदै गएको छ। दक्षिणी लेबनानमा इजरायलले गरेको हवाई आक्रमणमा कम्तीमा १२ जना स्वास्थ्यकर्मी मारिएको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ। लेबनानमा अहिले सम्म ७ सय ७३ भन्दा बढी मानिसको ज्यान गइसकेको छ।





यसैबीच हिजबुल्लाह समूहले इजरायलको उत्तरी क्षेत्रमा ड्रोन तथा रकेट आक्रमण गरेको दाबी गरेको छ भने इरानले पनि इजरायलमाथि मिसाइल प्रहारलाई निरन्तरता दिएको बताइएको छ। खाडी क्षेत्रमा पनि तनाव बढेको छ। बहराइनले युद्ध शुरू भएयता १ सय २४ मिसाइल र २ सय ३ ड्रोन अवरोध गरेको जनाएको छ। कतार, साउदी अरेबिया, कुवेत र यूएईले पनि आफ्ना क्षेत्रमा भएका आक्रमण विफल पारिएको बताएका छन्। यसैबीच अमेरिकी सेनाले इरानको रणनीतिक खार्ग टापुमा आक्रमण गरेपछि विश्व ऊर्जा बजारमा ठूलो असर पर्ने अनुमान गरिएको छ। कच्चा तेलको मूल्य फेरि प्रतिव्यारेल १ सय डलरभन्दा माथि पुगेको छ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले दक्षिणी लेबनानका पीडितका लागि झण्डै ३० करोड डलर बराबरको आपतकालीन सहायता कार्यक्रम घोषणा गर्दै युद्धरत पक्षसँग तत्काल युद्धविराम गर्न आग्रह गर्नुभएको छ ।

## ग्यासको अभाव ..

सहरमा बस्नेले गोइँठाको महत्व नबुझ्ने बताउँछिन्। 'सहर–बजारमा बस्नेलाई के थाहा ? गोइँठा केवल खाना पकाउने साधन मात्र होइन।

यो हाम्रो संस्कार र परम्परासँग पनि जोडिएको छ,' उनले भनिन्। उनी विवाह, चाडपर्वदेखि मृत्यु संस्कारसम्मका धार्मिक तथा सामाजिक कार्यमा पनि गोइँठाको प्रयोग हुने बताउँछिन्। ग्यासमा भन्दा गोइँठाबाट पकाइएको खाना स्वादिलो लाग्ने उराउको अनुभव छ। 'हामीलाई त ग्यासमा पकाएको भन्दा यही गोइँठामा पकाएको खाना मीठो लाग्छ। त्यो ग्यासमा एकै चोटि उम्लिएको खाना के मीठो हुनु,' उनले भनिन्। अहिले बजारमा ग्यासको अभाव भएको आफूले सुनेको बताउँदै उनले आफूलाई भने चुल्हो बल्न समस्या नभएको बताइन्।

पशुपालनमा सक्रिय यहाँका मधेशका ग्रामीण जनतालाई केही दिन मात्रै मेहनत गरेर बनाएको गोइँठाले वर्षभरि खाना पकाउन पुग्छ। यहाँका महिलाले गोबरलाई हातले आकार दिई भित्ता तथा जमिनमा टाँसेर सुकाउँछन्। सुकेपछि त्यसलाई भण्डारण गरेर बर्सभरि प्रयोग हुन्छ।

**श्री पशुपति आदर्श मा.वि. लहान, मटिअर्वा (प्राविधिक)**

लहान नगरपालिका, सिरहा

स्था. २००५

**प्र.अ.को विज्ञापन सम्बन्धमा**

मिति : २०८२/११/२९

शिक्षा विकास तथा समन्वय इकाई सिरहाको मिति २०८२।१०।०४ को च.नं. ८८८ को प्राप्त अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको प्रधानाध्यापक (प्र.अ.) ५ वर्ष करार सम्झौतामा नियुक्त गर्नुपर्ने भएकोले विद्यालयमा कार्यरत योग्यता पुगेका इच्छुक मा.वि. तहका स्थायी शिक्षकहरुबाट कागजातहरु संलग्न गरी विज्ञापन भएको मितिले १५ दिनभित्र मिति २०८२।१२।१५ गतेसम्म विद्यालय विकास प्रस्ताव सहित दरखास्त पेश गर्न सूचना प्रकाशन गरिएको छ।

**प्र.अ.को लागि योग्यता र संलग्न कागजातहरु**

१. मा.वि. तहमा स्थायी भै ५ वर्ष सेवा अवधि पूरा गरेको,
२. विद्यालय विकास प्रस्ताव
३. शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातकोतर उत्तीर्ण वा शिक्षा शास्त्रमा उत्तीर्ण १० वर्ष स्थायी सेवा गरेकोमा मा.वि. तहका शिक्षक
४. स्थायी नियुक्ति तालिम र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
५. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
६. नेपाल बैंक लि. लहान शाखामा रहेको विद्यालयको च.हि.नं. ०३६००१०६५८५८७६००००१ मा जम्मा गरेको रु. ५५१/– को बैंक भौचर

**प्रधानाध्यापक**
**श्री पशुपति आदर्श मा.वि. लहान**
**मटिअर्वा, सिरहा**


# इथानोल मिश्रित पेट्रोलः ऊर्जा आयात घटाउने र रोजगारी बढाउने नीति लागू

काठमाडौं, ३० फाल्गुन। सरकारले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने नयाँ नीति कार्यान्वयनमा ल्याएको छ। मन्त्रिपरिषद्ले जारी गरेको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' शुक्रबार राजपत्रमा प्रकाशित भएको छ। यो आदेशमार्फत स्वदेशी कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धन, रोजगारी सिर्जना, कृषि तथा जैविक स्रोतको उपयोग बढाउने र ऊर्जा क्षेत्रमा आयातमा निर्भरता घटाउने सरकारको लक्ष्य छ। आदेशअनुसार नेपाल आयल निगमले उपलब्धताअनुसार प्रति लिटर पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिश्रण गर्नुपर्नेछ। आवश्यकताअनुसार मन्त्रिपरिषद्ले यो अनुपात घटबढ गर्न सक्ने व्यवस्था पनि आदेशमा गरिएको छ।

इथानोल उत्पादनका लागि प्रयोग गर्न सकिने कच्चापदार्थमा मोलासेस, नेपियर घाँस, खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली, सिमल तरुल (कास्साभा), सडेगलेको अन्न, मर्चा (यिस्ट) र अन्य आवश्यक रसायन समावेश छन्। खाद्यान्नको दुरुपयोग रोक्नका लागि खाद्यान्नका रूपमा प्रयोग हुने अन्न इथानोल उत्पादनमा प्रयोग गर्न नपाइने व्यवस्था पनि गरिएको छ। उद्योगहरूले प्रचलित कानुन अनुसार तोकिएका कच्चापदार्थबाट मात्र उत्पादन गर्नुपर्नेछ र उत्पादन गरिएको इथानोल नेपाल आयल निगमलाई मात्र बिक्री वितरण गर्नुपर्नेछ। यसले बजारलाई नियन्त्रित गर्दै इथानोलको प्रयोग पेट्रोलमा मिश्रणसम्म सीमित गर्ने नीति स्पष्ट गर्दछ।

उद्योगहरूले उत्पादन प्रक्रियामा वातावरणमैत्री उपाय अपनाउनुपर्ने, गुणस्तर मापदण्ड कायम गर्नुपर्ने र गुणस्तर परीक्षणको जिम्मेवारी आफ्नै प्रयोगशालाबाट गर्नुपर्ने आदेशमा उल्लेख छ। निगमले पनि प्रत्येक ट्याङ्करको गुणस्तर परीक्षण गरेर मात्र खरिद गर्नेछ। इथानोलको मूल्य निर्धारण सरकारद्वारा सिफारिस समितिको सुझावमा प्रत्येक आर्थिक वर्ष सुरु हुनु अघि हुने छ। मूल्य निर्धारण नहुँदा अघिल्लो वर्षको मूल्य कायम रहनेछ। निर्धारित मूल्य प्रत्येक वर्ष साउन १ गतेदेखि लागू हुनेछ।

नेपाल आयल निगमले इथानोल खरिदका लागि उद्योगसँग सम्झौता गर्नुपर्नेछ र उद्योगले दैनिक आवश्यक परिमाण, तोकिएको स्थान र समयमा इथानोल उपलब्ध गराउनुपर्नेछ। उद्योगले सम्झौतामा उल्लंघन गरेमा प्रचलित कानुन अनुसार क्षतिपूर्ति माग गर्न सकिने व्यवस्था गरिएको छ। इथानोल ढुवानीको जिम्मेवारी उद्योगलाई दिइएको छ। अत्यधिक ज्वलनशील र पानी अवशोषण गर्ने प्रकृतिको इथानोल ढुवानी गर्दा उच्च सुरक्षा मापदण्ड अपनाउनुपर्ने आदेशमा उल्लेख गरिएको छ। मन्त्रालयले सुरक्षित भण्डारण, मिश्रण र ढुवानीका लागि मापदण्ड तयार गरी लागू गर्नेछ।

सरकारले इथानोल मूल्य निर्धारण र उद्योगलाई सुविधा दिने सिफारिसका लागि समिति गठन गरेको छ। समितिको संयोजक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव हुनेछन् भने अर्थ, कृषि, गुणस्तर तथा नापतौल विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र नेपाल आयल निगमका प्रतिनिधि सदस्य रहनेछन्। आदेशअनुसार समितिले कच्चापदार्थ लागत, कर छुट, सुविधा, राष्ट्रिय प्राथमिकता उद्योग मान्यता, उपकरण आयातमा कर छुट, कृषक र कृषि सहकारीलाई मल/बिज/विद्युत् महसुलमा सहुलियतलगायत विषयमा सिफारिस गर्नेछ।

यो नीति कार्यान्वयनबाट कृषि अवशेष र जैविक स्रोतको उपयोग बढाउने, नयाँ उद्योग स्थापना गर्ने र ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ। यसको कार्यान्वयनको प्रभावकारिता भने उद्योगको क्षमता, कच्चापदार्थको उपलब्धता तथा सरकारको नियमनमा निर्भर हुनेछ।

# बर्दिवासमा ग्यास र पेट्रोलियम पदार्थको अनुगमन तीव्र



**अजय शाह**

महोत्तरी, ३० फाल्गुन। बजारमा खाना पकाउने ग्यास र पेट्रोलियम पदार्थको अभाव भएको हल्ला फैलिन थालेपछि बर्दिवास क्षेत्रमा अनुगमन तीव्र पारिएको छ। अभावको चर्चा बढेसँगै सर्वसाधारणले अतिरिक्त ग्यास मौज्दात गर्न थालेपछि बजारमा असहज अवस्था देखिन थालेको हो। स्थानीय उपभोक्ताका अनुसार केही विक्रेताले ग्यास अभाव भएको भन्दै बिक्री गर्न अस्वीकार गरिरहेका छन्। नियमित रूपमा ग्यास किन्ने विक्रेतासँग ग्यास लिन जाँदा पनि दुई दिनदेखि रित्तै फर्किनुपरेको बर्दिवास नगरपालिका–३ की बासिन्दा लीला आले मगरले बताउनुभयो।

पश्चिम एसियामा जारी युद्धका कारण भविष्यमा अभाव हुनसक्ने अनुमानले उपभोक्ताहरूले ग्यास मौज्दात गर्न थालेपछि बजारमा माग एकाएक बढेको स्थानीय ग्यास विक्रेताहरूले बताएका छन्। उनीहरूका अनुसार ग्यास आयात नियमित रूपमा भइरहे पनि उपभोक्तामा मौज्दात राख्ने प्रवृत्ति बढेकाले मागअनुसार आपूर्ति गर्न कठिन भएको हो। यसैबीच, बजारमा ग्यास र पेट्रोलियम पदार्थको कृत्रिम अभाव सिर्जना गरिएको हल्ला फैलिएपछि बर्दिवास क्षेत्रमा बजार अनुगमन गरिएको छ। इलाका प्रशासन कार्यालय बर्दिवासका प्रमुख माधवराज न्यौपानेका अनुसार ग्यास र पेट्रोलियम पदार्थको कालोबजारी तथा कृत्रिम अभाव रोक्न अनुगमन सुरु गरिएको हो।

उहाँले उपभोक्तालाई सहज रूपमा ग्यास उपलब्ध गराउन खाली सिलिन्डर आधिकारिक विक्रेतालाई बुझाएर कुपन लिनुपर्ने व्यवस्था गरिएको जानकारी दिनुभयो। सो कुपनका आधारमा भोलि वा पर्सिपल्ट ग्यास उपलब्ध गराइने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो। यसरी गर्दा विक्रेताले उपभोक्ताले कहिले ग्यास लिएको भन्ने विवरण राख्न सक्ने र सबै घरधुरीले सहज रूपमा ग्यास पाउने अपेक्षा गरिएको छ। बर्दिवासका ग्यास विक्रेता र पेट्रोल पम्पहरूमा इलाका प्रशासन कार्यालय, बर्दिवास नगरपालिका, व्यापार संघ, होटल तथा पर्यटन व्यवसायी लगायतका संघ–संस्थाको सहभागितामा संयुक्त अनुगमन गरिएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले पनि बजारमा कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गर्ने व्यक्तिमाथि कडा कारबाही गरिने भन्दै सार्वजनिक सूचना जारी गरिसकेको छ। प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार उपभोक्तालाई ग्यासको अभाव हुन नदिन एक परिवारलाई एक सिलिन्डर मात्र वितरण गर्ने व्यवस्था मिलाइएको छ। मिति सहितको लगत राखी आपूर्ति व्यवस्थापन गरिने र आपूर्तिकर्ता कम्पनीहरूसँग पनि समन्वय भइरहेको उहाँले बताउनुभयो।

यसैबीच नेपाल आयल निगमले बजारमा आधा सिलिन्डर ग्यास पठाउन सुरु गरेको छ। एकैपटक अत्यधिक माग बढेपछि आपूर्तिले धान्न नसक्ने अवस्था आएपछि निगमले शुक्रबारदेखि ७।१ किलोग्रामको आधा सिलिन्डर ग्यास बजारमा पठाउन थालेको जनाएको छ। तर अहिले बजारमा देखिएको एलपी ग्यासको अभाव वास्तविक हो वा दबाबका कारण सिर्जित अवस्था हो भन्ने विषयमा स्पष्ट हुन सकेको छैन। निगमले भने सम्भावित अभावलाई ध्यानमा राख्दै उपभोक्ताले एकैपटक ठूलो परिमाणमा ग्यास माग गर्दा बजारमा असहज अवस्था देखिएको जनाएको छ।

नेपालमा दैनिक औसत १२० बुलेट ग्यास आवश्यक पर्ने भए पनि हाल भारतबाट करिब ८० बुलेट हाराहारीमा मात्र ग्यास आइरहेको बताइएको छ। नेपाल आयल निगमले इन्डियन आयल कर्पोरेसन (आईओसी) बाट ग्यास खरिद गर्दै आएको छ। यसअघि २०७२ सालमा भारतले नाकाबन्दी लगाएको समयमा पनि सरकारले आधा सिलिन्डर ग्यास वितरणको व्यवस्था लागू गरेको थियो।

# बजेट नआउँदा धनुषाको कमला नगरपालिकामा विकासका काम रोकिए

विजयकुमार साह

ढल्केबर, ३० फाल्गुन। धनुषाको कमला नगरपालिकामा चालू आर्थिक वर्षको बजेट अझै पारित हुन नसक्दा विकास निर्माणका कामदेखि सेवा प्रवाह प्रभावित भएका छन्। जनप्रतिनिधिबीच आन्तरिक विवादका कारण चालू आर्थिक वर्षको आठ महिना बित्न लाग्दा पनि नगर परिषद् हुन सकेको छैन। स्थानीयका अनुसार नगरसभा नहुँदा बजेट ल्याउन नसकेकाले नगरपालिका क्षेत्रका विकास आयोजना ठप्प भएका छन् भने कर्मचारी, शिक्षक तथा सामाजिक सुरक्षा भत्ता पाउने सेवाग्राहीसमेत समस्यामा परेका छन् । नगरपालिकाभित्रका विभिन्न विद्यालयका शिक्षकले विगत आठ महिनादेखि तलबभत्ता नपाएको भन्दै आन्दोलनमा उत्रिएका छन् ।नगरपालिकाभित्रका पाँच वटा माध्यमिक विद्यालय, दुई वटा निम्न माध्यमिक विद्यालय र दश वटा प्राथमिक विद्यालयका शिक्षक आन्दोलनमा उत्रिएका हुन्। शिक्षक आन्दोलनका कारण करिब सात हजार विद्यार्थीको पठनपाठन प्रभावित भएको छ ।शिक्षकले विगतमा नगरपालिकासँग भएको सहमतिअनुसार आठ महिनाको बक्यौता तलबभत्ता एकमुष्ट भुक्तानी गर्नुपर्ने र नियमित तलबको व्यवस्था गर्नुपर्ने माग गरेका छन्।

माग सम्बोधन नभएसम्म विद्यालय सञ्चालन नगर्ने अडान रहेको जनहित माध्यमिक विद्यालय माची झिटकैयाका प्रधानाध्यापक जगन्नाथ यादवले बताउनुभयो ।नगरपालिकाको बजेट नल्याउँदा शिक्षक मात्र होइन, स्वास्थ्य, कृषि, वडा कार्यालय तथा अन्य शाखामा कार्यरत कर्मचारीसमेत प्रभावित भएका छन्। बजेट नहुँदा विकास निर्माणका योजना कार्यान्वयन हुन सकेका छैनन् ।सडक, पूर्वाधार र अन्य विकास आयोजनाका काम रोकिँदा स्थानीयवासी निराश बनेका छन् ।

त्यस्तै कमला नगरपालिकाका नौ हजार पाँच सयभन्दा बढीले विगत आठ महिनादेखि सामाजिक सुरक्षा भत्ता समेत पाउन सकेका छैनन्। नियमित रूपमा प्रत्येक तीन महिनामा वितरण गरिनुपर्ने उक्त भत्ता लामो समयदेखि नपाउँदा ज्येष्ठ नागरिक, एकल महिला तथा अन्य लाभग्राही समस्यामा परेका छन्। कमला नगरपालिका लगमाका ७२ वर्षीय गङ्गाई ठाकुरले आठ महिनादेखि सामाजिक सुरक्षा भत्ता नपाएको गुनासो गर्नुभयो। उहाँका अनुसार नियमित रूपमा पाउनुपर्ने भत्ता नपाउँदा दैनिक जीवन चलाउनसमेत कठिन भएको छ।

नगर उपप्रमुख शिलादेवी मण्डलले नगर प्रमुखले नगरसभा नबोलाउँदा बजेट पारित हुन नसकेको बताउनुभयो। नगरसभा बोलाउन आफूले पटकपटक आग्रह गरे पनि नगरप्रमुखले पहल नगरेको उहाँले जानकारी दिनुभयो। नगर प्रमुख विशेश्वर यादवले आइतबार नगरसभासम्बन्धी बैठक बोलाइएको जानकारी दिँदै सोही बैठकबाट नगरसभाको मिति तय गरिने बताउनुभयो।

साविक हरिने, लक्कड, सिंग्याही मडान, दुबरकोट, माची झिटकैयालगायत छ वटा गाविस मिलेर बनेको कमला नगरपालिकामा नौ वटा वडा रहेका छन्। यहाँ करिब ४२ हजारभन्दा बढी जनसंख्या बसोबास गर्दै आएका छन्। धनुषाको १८ स्थानीय तहमध्ये १७ वटाले चालू आर्थिक वर्षको बजेट सार्वजनिक गरिसेका छन्।

# पोषण सुधारका लागि स्थानीय तह, स्वास्थ्य तथा कृषि संयन्त्रबिच सहकार्यमा जोड




**मणिलाल विश्वकर्मा**

लहान, ३० फाल्गुन। गर्भवती तथा ६ देखि ५९ महिना उमेरका बालबालिकाको पोषण सुधारका लागि सरोकारवालाहरूले स्थानीय तह, स्वास्थ्य तथा कृषि संयन्त्रबिच समन्वय र सहकार्यमा जोड दिएका छन्। सिरहा जिल्ला सदरमुकाममा शुक्रबार आयोजित 'जीवनका लागि पोषण कार्यक्रम'सम्बन्धी जिल्लास्तरीय परिचयात्मक कार्यक्रममा सरोकारवालाहरूले गर्भवती महिला र बालबालिकाको स्वास्थ्यका लागि पोषण महत्वपूर्ण पक्ष रहेको उल्लेख गर्दै पोषणसम्बन्धी सचेतना विस्तारले त्यसको विषयमा जागरुकता ल्याउने भएकाले समुदायमा सकारात्मक परिवर्तन ल्याउन सहयोग गर्ने औँल्याए।

जिल्ला समन्वय समिति सिराहाका प्रमुख दिनेशकुमार महतोले बालबालिका र आमाको स्वास्थ्य सुदृढ बनाउन पोषण अत्यन्त महत्थवपूर्ण पक्ष भएको उल्लेख गर्दै जीवनका लागि पोषण कार्यक्रमले जिल्लाको पोषणको अवस्था सुधार गर्ने अपेक्षा गरे। 'स्वास्थ्यका लागि पोषण चाहिन्छ,' उनले भने, 'पोषणको स्थानीय स्रोतको रूपमा आफ्नै भान्सा, करेसाबारी, आफैँले उब्जाएका अनाज, सागसब्जीको पहिचान गर्ने, खाने तरिकाको विषयमा बुझाउन सकियो भने उल्लेख्य सुधार आउन सक्छ।'

**दिगोपनका लागि स्थानीय तहको स्वामित्व**

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख युगलकिशोर यादवले पोषण सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै दिगोपनका लागि स्थानीय तहले स्वामित्व लिनुपर्नेमा जोड दिए। 'स्थानीय तह, स्वास्थ्य संस्था तथा सरोकारवाला निकायबिच समन्वय जरुरी छ,' उनले भने, 'पोषण सुधारका प्रयासलाई दिगो बनाउन स्थानीय तहको स्वामित्व र सहभागिता महत्वपूर्ण हुन्छ।' पोषण, खाद्य सुरक्षा, स्वास्थ्य सेवा र कृषि उत्पादनबिचको अन्तरसम्बन्धलाई सुदृढ गर्दै समुदाय केन्द्रित कार्यक्रम सञ्चालन गरिनुपर्नेमा उनको जोड थियो।

कार्यक्रमको ६ देखि ५९ महिनाका बालबालिकामा शीघ्र कुपोषण अवस्था, आमा तथा नवजात शिशुको पोषणमा सुधार, समुदायमा अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिबृद्धि, तीन तहको सरकारको मातृ तथा नवजात शिशुको पोषण सुधारमा प्रतिबद्धता, स्वामित्व तथा दिगोपन प्रवर्द्धन गर्ने उद्देश्य रहेको सहयोगी हेलेन केलर इन्टरनेसनलका प्रतिनिधि अमितराज साहले जानकारी दिए।

उनका अनुसार पोषणको कमीले बालबालिकाको शारीरिक तथा मानसिक विकासमा दीर्घकालीन असर पार्ने भएकाले कार्यक्रममार्फत समुदायस्तरमा पोषणसम्बन्धी सचेतना अभिवृद्धि, सेवा पहुँच विस्तार तथा व्यवहार परिवर्तनमा जोड दिइनेछ। मधेश प्रदेश सरकारको आयोजना तथा दलित विकास मञ्चको सहकार्यमा सञ्चालित कार्यक्रममा जिल्लाका विभिन्न सरकारी तथा सामाजिक संस्थाका प्रतिनिधि, स्वास्थ्यकर्मी, महिलास्वास्थ्य स्वयंसेविका तथा अन्य सरोकारवालाहरूको सहभागिता थियो।

# पेट्रोलमा इथानोल मिसाउने नयाँ नीति लागू

काठमाडौं, ३० फाल्गुन। सरकारले पेट्रोलमा इथानोल मिसाएर प्रयोगमा ल्याउने नयाँ नीति कार्यान्वयनमा ल्याएको छ। मन्त्रिपरिषद्ले जारी गरेको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' हिजो राजपत्रमा प्रकाशित भएको हो। यो नीतिमार्फत स्वदेशी कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धन, रोजगारी सिर्जना र ऊर्जा क्षेत्रमा आयात निर्भरता घटाउने सरकारको लक्ष्य रहेको छ। आदेशअनुसार नेपाल आयल निगमले पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिश्रण गर्नुपर्नेछ।

इथानोल उत्पादनका लागि मोलासेस, नेपियर घाँस, पराल, मकैको ढोड र सिमल तरुल जस्ता कच्चापदार्थ प्रयोग गर्न पाइनेछ। तर खाद्यान्नको दुरुपयोग रोक्न खानयोग्य अन्न भने इथानोल उत्पादनमा प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ। उद्योगहरूले उत्पादन गरेको इथानोल नेपाल आयल निगमलाई मात्र बिक्री गर्नुपर्नेछ र गुणस्तर मापदण्ड पनि कडाइका साथ पालना गर्नुपर्नेछ। इथानोलको मूल्य निर्धारण हरेक आर्थिक वर्ष शुरू हुनुअघि सरकारी सिफारिस समितिको सुझावमा हुने र हरेक वर्ष साउन १ गतेदेखि लागू हुनेछ। यो नीतिको कार्यान्वयनबाट कृषि अवशेष र जैविक स्रोतको उपयोग बढ्ने, नयाँ उद्योग स्थापना हुने र ग्रामीण क्षेत्रमा रोजगारीका अवसर सिर्जना हुने अपेक्षा छ।

# छुट्टाछुट्टै सवारी दुर्घटनामा दुईको मृत्य

काठमाडौँ, ३० फाल्गुन। सर्लाही र धनुषामा भएका सवारी दुर्घटनामा परी दुई जनाको ज्यान गएको छ। सर्लाहीको बरहथवा नगरपालिका–१० सीतापुरस्थित सडकमा शुक्रबार राति स्कारपियोको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको हो। बरहथवाबाट सीतापुरतर्फ जाँदै गरेको डिएल ९ सिजेडओ ७७७ नम्बरको भारतीय स्कारपियोले ठक्कर दिँदा बरहथवा नगरपालिका–९ का ५० वर्षीय नारायण जर्गा मगरको मृत्यु भएको हो। ठक्करबाट गम्भीर घाइते भएका मगरको नगर अस्पताल बरहथवामा उपचारका क्रममा ज्यान गएको प्रहरीले जनाएको छ।

सोही दुर्घटनामा अन्य चार जना पैदलयात्री समेत घाइते भएका छन्, जसको अहिले सोही अस्पतालमा उपचार भइरहेको छ। प्रहरीले स्कारपियो चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ।

यसैगरी धनुषाको जनकपुरधाम उपमहानगरपालिका–७ मा दुईवटा मोटरसाइकल एकआपसमा ठोक्किँदा एक महिलाको मृत्यु भएको छ। बीआर ३० एजि १२२६ नम्बरको भारतीय मोटरसाइकल र बागमती प्रदेश ०६–००५ प ३२७८ नम्बरको मोटरसाइकल एकापसमा ठक्कर खाँदा बागमती प्रदेशको मोटरसाइकलमा सवार महोत्तरी एकडारा गाउँपालिका–३ की ५५ वर्षीया पवन देवीको ज्यान गएको हो।

शुक्रबार दिउँसो भएको उक्त दुर्घटनामा गम्भीर घाइते भएकी उनलाई उपचारका लागि न्यूरो अस्पताल विराटनगर लगिएको थियो। उनको उपचारका क्रममा शनिबार बिहान मृत्यु भएको हो। प्रहरीले दुर्घटनामा संलग्न भारतीय मोटरसाइकलका चालकलाई नियन्त्रणमा लिएको छ र घटनाबारे थप अनुसन्धान गरिरहेको छ।

# संविधानले दिएको अधिकार अझै पाएनौँ, विश्वमै कतै नभएको बिना प्रहरीको सरकार चलाइरहेका छौँः मुख्यमन्त्री यादव

जनकपुर, ३० फाल्गुन। मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले प्रदेश सरकार बिना प्रहरी प्रशासन चलिरहेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। विश्वमा कतै पनि बिना प्रहरी प्रशासनको सरकार नहुने भन्दै उनले नेपालमा मात्रै प्रदेश सरकारहरूले यस्तो नियति भोगिरहेको बताए।

जनकपुरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले संविधानले परिकल्पना गरेको अधिकार आठ वर्षभन्दा बढी समय बितिसक्दा पनि प्रदेशले नपाएको गुनासो गरे। राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साहले जनकपुरको तिरहुतिया गाछीमा 'अब अधिकारका लागि होइन, पशुपति दर्शन गर्न मात्र आउनू' भनी दिएको अभिव्यक्तिको स्मरण गराउँदै प्रदेशले नमागीकन अधिकार दिन खोजेकोमा साहलाई धन्यवादसमेत दिए।

मुख्यमन्त्री यादवले मधेस प्रदेशमा प्रहरीको भौतिक संरचना अत्यन्तै दयनीय रहेको बताए। माओवादी द्वन्द्वकालमा क्षति भएका भग्नावशेष भवनहरूमा समेत प्रहरीहरू अहिले बस्न बाध्य रहेको उल्लेख गर्दै उनले यसको सुधार गर्नुपर्ने आवश्यकता औंल्याए। जेनजी आन्दोलनका



क्रममा धेरै ठाउँमा प्रहरीका सवारी साधनहरू जलाइएको र नष्ट गरिएको भन्दै उनले त्यसको पूर्ति गर्नुपर्ने दायित्व पनि थपिएको बताए। प्रदेश प्रहरीलाई सुसम्पन्न बनाउन प्रदेश सरकारको मात्र नभई संघीय सरकारको पनि उत्तिकै जिम्मेवारी रहेको उाको भनाइ छ। सीमित साधनस्रोतका बाबजुद प्रदेश सरकारले प्रत्येक वर्ष प्रहरीलाई सहयोग गरिरहेको उनले जानकारी दिए।

मुख्यमन्त्री यादवले २०८२ फागुन २१ गते सम्पन्न निर्वाचनलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन भुमिका खेल्ने सुरक्षा निकायको उच्च प्रशंसा गरे।

## *ग्यास भण्डारण...*

डिलरहरूमा लाइन लाग्न थालेपछि कतिपय ठाउँमा कम तौलको ग्यास बिक्री गर्ने, ग्यास हुँदाहुँदा छैन भन्दै हैरानी सास्ती दिने, भरिएको सिलिन्डरको पनि सिल खोलेर खाली सिलिन्डर हो भनी बिक्री नगर्ने गुनासो आएको सूचनामा उल्लेख छ। सूचनाको बर्खिलाफ हुने गरी ग्याँस बिक्री–वितरणसम्बन्धी कार्य गरे गराएमा प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी दिइएको छ।

खाना पकाउने ग्याँससहित पेट्रोलियम पदार्थको आयात र बिक्री–वितरण गर्दै आएको नेपाल आयल निगमले आधिकारिक रुपमा पेट्रोलियम पदार्थको अभाव नहुने जिकिर गरिरहेको भएपनि मध्यपूर्वमा पछिल्लो दुई सातादेखि जारी द्वन्द्वको कारणले ग्यास अभाव हुन सक्ने कृत्रिम हल्ला फैलिएपछि स्थानीय ग्यास डिलरहरुमा सर्वसाधारणहरूको लामो लाइन लाग्न थालेको छ।

त्यही मौकामा कतिपय डिलर सञ्चालकहरूले ग्यास अभाव देखाउँदै दोब्बरभन्दा पनि बढी मूल्य लिएर बिक्री गरिरहेको सर्वसाधारणको गुनासो छ।

## *"निर्वाचित...*

सकेनन्। अब यो कमजोरी देखाउने छुट सिरहा–१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य बब्लु गुप्तालाई नदिन हामी निरन्तर खवरदारीमा रहनुपर्छ।" सिरहा–१ को प्रमुख समस्यामा ठाडी–नेपालटार सडक निर्माण, खुटी नहरको सञ्चालन, दलित र विपन्न बस्तीमा सुरक्षित आवास, शिक्षा–स्वास्थ्य सुधार, ठाडी भन्सारको स्तरोन्नति, सिँचाइ, मलखाद्य, रोजगारीका अवसर र दाइजोमुक्त समाज रहेका छन्। प्रेस चौतारी सिरहा शाखाका अध्यक्ष शिव कुमार साहले भने, "यी प्रमुख प्रतिवद्धताहरू पूरा गराउन हाम्रो भूमिका महत्वपूर्ण हुनेछ।"

नागरिक अगुवा तथा वातावरणविद् दिनेश यादवले भने, "सरकार गठन भएसँगै निर्वाचित सांसद गुप्तालाई स्वस्थ्य सुझाव र निरन्तर सहयोग गर्ने कार्यक्रमलाई सचेत अगुवाहरूले कहिल्यै भुल्न हुँदैन र गलत काम गराउन दबाब दिन पनि हुँदैन।" स्थानीय नेनीलाल रामले भने, "जेनजी आन्दोलनलाई निर्वाचनले अनुमोदन गरेको र ठुलो मत अन्तरले सिरहा–१ बाट एक अगुवा नेताको छवि बनेको छ। जेनेजी सहिलहरूको सपना साकार गर्ने कार्यलाई विर्सन हुँदैन।" निर्वाचित सांसद बब्लु गुप्ताले चुनावमा गरेका प्रतिवद्धताहरू डायरीमा नोट गरेर राखेको बताउनुभयो। उहाँले भन्नुभयो, "मलाई नेताभन्दा पनि मतदाताबाट असीम माया र स्नेह प्राप्त भएको छ। गल्ती वा अहंकार पाल्ने छुट छैन।"

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)